# सबै किसिमका जातिय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५

**महासभाको २१ डिसेम्बर १९६५ को प्रस्ताव नम्बर २१०६ ए (२०) बाट ग्रहण गरी हस्ताक्षर र अनुमोदनको लागि खुला गरिएको**

**लागू भएको मितिः** धारा १९ अनुसार, ४ जनवरी १९६९तदनुसार २१ पौष २०२५

यस महासन्धिका पक्ष राष्ट्रहरू,

संयुक्त राष्ट्र संघको बडापत्र सबै मानव जातिमा अन्तरनिहित प्रतिष्ठा तथा समानताको सिद्धान्तमा आधारित भएको र संयुक्त राष्ट्र संघका उद्देश्यहरू मध्ये जात, लिङ्ग, भाषा वा धर्मको आधारमा कुनै पनि भेदभाव नगरी सबैकोलागि मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी आदर तथा पालनाको प्रवर्द्धन गर्ने तथा प्रोत्साहन दिने उद्देश्य प्राप्तिकोलागि सबै सदस्य राष्ट्रहरू संघको सहयोगमा संयुक्त तथा छुट्टाछुट्टै कामकारवाही गर्ने प्रतिज्ञा गरेको कुरा विचार गर्दै,

मानव अधिकारको विश्वब्यापी घोषणापत्रले सबै मानव जाति स्वतन्त्र रूपले जन्मन्छन् र प्रतिष्ठा एवं अधिकारमा समान छन् तथा प्रत्येक व्यक्ति कुनै पनि किसिमको, खासगरी जाति, वर्ण वा उत्पत्तिको भेदभाव विना सो घोषणापत्रमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरूको हकदार छन् भन्ने घोषणा गरेको कुरा विचार गर्दै,

सबै मानव जाति कानूनको अगाडि समान छन् तथा कुनै पनि भेदभावको प्रोत्साहन विरूद्ध कानूनको समान संरक्षणका हकदार छन् भन्ने कुरा विचार गर्दै,

संयुक्त राष्ट्र संघले जुनसुकै रूपमा र जहाँसुकै भए पनि उपनिवेशवाद र विखण्डन तथा सोसँग सम्बन्धित भेदभावका सम्पूर्ण व्यबहारहरूको निन्दा गरेको र १४ डिसेम्वर १९६० को औपनिवेशिक देशहरू तथा जनताहरूलाई स्वाधिनता प्रदान गर्ने सम्बन्धी घोषणापत्र (महासभाको प्रस्ताव १५१४ (१५) ले त्यस्ता कुराहरूको शीघ्र तथा निशर्त अन्त्य हासिल गर्ने आवश्यकतालाई पुष्टि गरी निष्ठापूर्वक घोषणा गरेको कुरा विचार गर्दै,

२० नोभेम्वर १९६३ को सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने (प्रस्ताव १९०४ (१८) सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रले विश्व भरीनै जातीय भेदभावका सम्पूर्ण तथा प्रकट रूपहरूलाई तीव्र गतिमा उन्मूलन गर्ने आवश्यकता तथा मानव जातिको मर्यादाको वोध एवं सो प्रतिको आदर सुरक्षित गर्ने आवश्यकतालाई निष्ठापूर्वक प्रतिरक्षा गरेको कुरा विचार गर्दै,

जातीय विभेदमा आधारित सर्वोच्चताको कुनै पनि सिद्धान्त वैज्ञानिक रूपले गलत, नैतिक रूपले निन्दनीय, सामाजिक रूपले अन्यायपूर्ण र खतरनाक भएको तथा सिद्धान्त वा व्यवहारका कुनै पनि स्थानमा जातीय भेदभावको औचित्य नभएको कुरामा सहमत हुँदै,

जात, वर्ण र जातीय उत्पत्तिको आधारमा मानव जाति बीच गरिने भेदभाव राष्ट्रहरू बीचको मैत्रीपूर्ण तथा शान्तिपूर्ण सम्बन्धको एक वाधक भएको तथा जनताहरू बीचको शान्ति र सुरक्षा तथा एकै राष्ट्रभित्र पनि संगै वसेका व्यक्तिहरूको सामन्जस्यतामा समेत खलल पुऱ्याउन समर्थ भएको कुरा पुनः निश्चित गर्दै,

जातीय तगारोको विद्यमानता कुनै पनि मानव समाजको आदर्श विपरित भएको कुरामा विश्वस्त भएर,

विश्वका केही स्थानहरूमा जातिय विभेद अझै पनि प्रमाणको रूपमा देखिई रहेको तथा जातीय सर्वोच्चता वा घृणामा आधारित सरकारी नीतिहरू जस्तै रंगभेद, विखण्डन वा विभाजनवादी नीतिहरूबाट भयभीत भएर,

जातीय भेदभावका सम्पूर्ण तथा प्रकट रूपलाई शीघ्र रूपमा उन्मूलन गर्न आवश्यक सम्पूर्ण उपायहरू अवलम्वन गर्न तथा जातीहरूवीच समझदारी प्रवर्द्धन गर्ने र सवै किसिमका जातीय विखण्डनवाद तथा जातीय भेदभाववाट मुक्त अन्तर्राष्ट्रिय समुदाय निर्माण गर्ने उद्देश्यले जातीय सिद्धान्त तथा व्यवहारहरू रोकथाम गर्न र त्यस्ता सिद्धान्त तथा व्यवहार विरूद्ध लडाई गर्न दृढ भएर,

अन्तर्राष्ट्रिय श्रम संगठनबाट सन् १९५८ मा ग्रहण गरिएको रोजगार तथा पेशा व्यवसायका सम्बन्धमा भेदभाव सम्वन्धी महासन्धि तथा संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठनवाट सन् १९६० मा ग्रहण गरिएको शिक्षामा भेदभाव विरूद्धको महासन्धिलाई मनन गर्दै,

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रमा अन्तरनिहित सिद्धान्तहरूको कार्यान्वयन गर्ने तथा सो लक्ष्य प्राप्तिकोलागि व्यवहारिक उपायहरूको शीघ्र अवलम्वन गर्न इच्छुक हुँदै,

***देहाय बमोजिम गर्न सहमत भएका छन्ः***

## भाग १

### धारा १

१. यस महासन्धिमा "जातीय भेदभाव" भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वा सार्वजनिक जीवनका अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहारलाई निषेध गर्ने वा कमजोर पार्ने उद्देश्य वा प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिवन्ध वा प्राथमिकता सम्झनु पर्छ ।

२. यस महासन्धिको कुनै पक्ष राष्ट्रले नागरिक तथा गैर नागरिकहरू बीच लागू गरेको विभेद, निषेध, प्रतिवन्ध वा प्राथमिकताहरूको हकमा यो महासन्धि लागू हुनेछैन ।

३. पक्ष राष्ट्रहरूको राष्ट्रियता, नागरिकता वा अंगिकरण सम्बन्धी कानूनी व्यबस्थाहरूलाई कुनै पनि किसिमले असर पार्ने गरी यस महासन्धिमा उल्लिखित कुनै पनि कुराको व्याख्या गरिने छैन । तर त्यस्ता ब्यवस्थाहरूले कुनै खास राष्ट्रियता उपर भेदभाव गरेको हुनु हुँदैन

४. कुनै निश्चित जातीय वा सामाजिक समूह वा व्यक्तिहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको समान उपभोग वा प्रयोग सुनिश्चित गर्न आवश्यक संरक्षण दिनुपर्ने त्यस्ता जातीय, सामाजिक समूह वा व्यक्तिहरूको पर्याप्त उन्नति सुनिश्चित गर्ने एकमात्र उद्देश्यले अपनाईएका विशेष उपायहरूलाई जातीय भेदभाव मानिने छैन । तर त्यस्ता उपायहरू परिणामत विभिन्न जातीय समूहहरूकोलागि छुट्टाछुट्टै अधिकार कायम राख्ने किसिमको हुनु हुँदैन र जुन उद्देश्यकोलागि त्यस्ता उपायहरू अपनाइएको हो सो उद्देश्य हासिल भईसकेपछि त्यस्ता उपायहरूलाई निरन्तरता दिईने छैन ।

## **धारा २**

१. पक्ष राष्ट्रहरूले जातीय विभेदको निन्दा गर्दछन् र कुनै पनि रूपले जातीय विभेद उन्मूलन गर्ने तथा सबै जातीहरू बीच समझदारी अभिवृद्धि गर्ने नीति अपनाउन सम्पूर्ण समूचित उपायहरू अविलम्व अपनाउने कुराको प्रतिज्ञा गर्दछन्, र यस उद्देश्यको लागि-

(क) प्रत्येक पक्ष राष्ट्रले व्यक्तिहरू, व्यक्तिका समूहहरू वा संस्थाहरू विरूद्ध जातीय विभेदको कुनै पनि काम वा व्यबहारमा संलग्न नहुने तथा सबै राष्ट्रिय एवं स्थानीय सार्वजनिक निकायहरू तथा सार्वजनिक संस्थाहरूले यस दायित्व अनुरूप काम गर्ने कुरा सुनिश्चित गर्ने प्रतिज्ञा गर्दछ,

(ख) प्रत्येक पक्ष राष्ट्रले कुनै पनि व्यक्ति वा संगठनबाट भएको जातीय विभेदको प्रायोजन, प्रतिरक्षा तथा समर्थन नगर्ने कुराको प्रतिज्ञा गर्दछ,

(ग) प्रत्येक पक्ष राष्ट्रले सरकारी, राष्ट्रिय तथा स्थानीय नीतिहरू पुनरालोकन गर्न र जुनसुकै स्थानमा विद्यमान भएको भए पनि जातीय विभेद सिर्जना गर्ने वा अविच्छिन्न गराउने प्रभाव भएको कुनै पनि कानून वा नियमहरू संशोधन गर्न, खारेज वा गैर कानूनी घोषित गर्न प्रभावकारी उपायहरू अपनाउनेछ,

(घ) प्रत्येक पक्ष राष्ट्रले सबै उपयुक्त माध्यमबाट, परिस्थिति अनुरूप आवश्यक भएमा कानूनवाट समेत, कुनै पनि व्यक्ति, समूह वा संगठनवाट गरिने जातीय विभेद निषेध तथा उन्मूलन गर्नेछ,

(ङ) प्रत्येक पक्ष राष्ट्रले उपयुक्त भएको अवस्थामा एकीकरणवादी वहुजातीय संगठन र आन्दोलनहरू तथा जातिहरू बीच रहेका अवरोधहरू उन्मूलन गर्ने अन्य उपायहरूलाई प्रोत्साहन दिन तथा जातीय विभाजनलाई बलियो बनाउने किसिमको कुनै पनि कुरालाई निरूत्साहित गर्न प्रतिज्ञा गर्दछ ।

२. पक्ष राष्ट्रहरूले परिस्थिति अनुसार आवश्यक भएको अवस्थामा आफ्नो क्षेत्रमा रहेका खास जातीय समुह वा व्यक्तिहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण तथा समान उपभोगको प्रत्याभूति गर्ने प्रयोजनकोलागि त्यस्ता समूह वा व्यक्तिहरूको पर्याप्त विकास र संरक्षण सुनिश्चित गर्न सामाजिक, आर्थिक, साँस्कृतिक तथा अन्य क्षेत्रहरूमा खास तथा ठोस उपायहरू अपनाउने छन् । जुन उद्देश्यकोलागि ती उपायहरू अपनाइएका थिए सो उद्देश्य हासिल भएपछि त्यस्ता उपायहरूले कुनै पनि अवस्थामा विभिन्न जातीय समूहकोलागि असमान वा भिन्न अधिकारहरू कायम राखिराख्ने परिणाम कुनै पनि अवस्थामा ल्याउने छैनन् ।

## धारा ३

पक्ष राष्ट्रहरूले खासगरी जातीय विखण्डन तथा रंगभेदको निन्दा गर्दछन् र आफ्ना क्षेत्राधिकार अन्तर्गतका ईलाकाहरूमा यस्ता प्रकृतिका सबै व्यबहारहरूको रोकथाम, निषेध तथा उन्मूलन गर्ने प्रतिज्ञा गर्दछन् ।

## धारा ४

पक्ष राष्ट्रहरू कुनै एक जाति वा एक वर्ण वा सामाजिक उत्पत्तिका व्यक्तिहरूको समूहको उच्चताको विचार वा सिद्धान्तहरूमा आधारित सम्पूर्ण प्रचार तथा संगठनको निन्दा गर्दछन् र त्यस्तो विभेदलाई प्रोत्साहन दिने वा त्यस्तो विभेदका कार्यहरू उन्मूलन गर्ने उद्देश्यका तात्कालिक तथा सकारात्मक उपायहरू ग्रहण गर्ने प्रतिज्ञा गर्दछन् । यस उद्देश्यकोलागि मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा निहित सिद्धान्तहरू तथा यस महासन्धिको धारा ५ मा स्पष्ट रूपले उल्लेख गरिएका अधिकारहरू प्रति उचित सम्मान राख्दै अन्य कुराका अतिरिक्त देहायका कार्य गर्ने प्रतिज्ञा गर्दछन् :-

(क) जातीय सर्वोच्चता वा घृणामा आधारित विचारहरूको प्रचार प्रसार, जातीय विभेदलाइ दुरूत्साहन दिने कार्य, कुनै पनि जाति वा अर्को वर्ण वा सामाजिक उत्पत्तिका व्यक्तिहरूको समूहहरू विरूद्धको हिंसाको कार्य वा त्यस्ता कार्यलाई दुरूत्साहन दिने कार्य तथा जातीय क्रियाकलापलाई आर्थिक सहायता लगायत कुनै पनि सहायता दिने कार्य समेतलाई कानूनद्वारा दण्डनीय कसूरको रूपमा घोषणा गर्ने,

(ख) जातीय विभेदलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने संगठनहरू तथा संगठित र अन्य सम्पूर्ण प्रचार प्रसारका कृयाकलापहरूलाई गैर कानूनी घोषित गर्ने तथा निषेध गर्ने र त्यस्ता संगठन वा कृयाकलापहरूमा हुने सहभागिता कानूनद्वारा दण्डनीय कसूरको रूपमा स्वीकार गर्ने,

(ग) राष्ट्रिय वा स्थानीय सार्वजनिक निकायहरू वा सार्वजनिक संस्थाहरूलाई जातीय विभेदलाई प्रोत्साहन वा प्रवर्द्धन गर्न अनुमति नदिने ।

## धारा ५

यस महासन्धिको धारा २ मा व्यवस्था गरिएका आधारभूत दायित्वहरू अनुरूप, पक्ष राष्ट्रहरूले कुनै पनि रूपमा हुने जातीय विभेदको निषेध तथा उन्मूलन गर्न र जाती, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्बन्धी कुनै पनि कुराको भेदभाव विना खासगरी देहायका अधिकारहरूको उपभोगमा कानूनको अगाडि प्रत्येक व्यक्तिको समानताको अधिकारको प्रत्याभूति गर्ने प्रतिज्ञा गर्दछन्ः

(क) न्यायाधिकरण (ट्राइवुनल) तथा न्याय प्रदान गर्ने अन्य सबै अंगहरूका अगाडि समान व्यवहार पाउने अधिकार,

(ख) व्यक्तिको सुरक्षा तथा कुनै सरकारी अधिकारीहरूबाट वा कुनै वैयक्तिक समूह वा संस्थाहरूबाट हुने कुनै पनि हिंसा वा शारीरिक क्षति विरूद्ध राज्यबाट संरक्षण पाउने अधिकार,

(ग) राजनीतिक अधिकारहरू खासगरी सर्वव्यापी तथा समान मताधिकारको आधारमा निर्वाचनमा भाग लिने, निर्वाचनमा मतदान गर्ने तथा उम्मेदवार बन्ने अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक कार्यको संचालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) अन्य नागरिक अधिकारहरू, खासगरीः

(१) राष्ट्रको सीमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार,

(२) आफ्नो देश लगायत कुनै देशबाट बाहिर जाने र आफ्नो देशमा फर्किने अधिकार,

(३) राष्ट्रियताको अधिकार,

(४) विवाह गर्ने तथा वरवधु छान्ने अधिकार,

(५) एक्लै वा अरूसँग मिलेर सम्पत्ति राख्ने अधिकार,

(६) पुर्ख्यौली सम्पत्ति प्राप्त गर्ने अधिकार,

(७) विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकार,

(८) विचार र अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी अधिकार,

(९) शान्तिपूर्ण भेला हुने तथा संगठन गर्ने स्वतन्त्रताको अधिकार ।

(ङ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू, खासगरीः

(१) काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल अवस्था प्राप्त गर्ने, वेरोजगारी विरूद्ध संरक्षण पाउने, समान कामकोलागि समान तलव पाउने, उचित तथा अनुकूल पारिश्रमिक पाउने अधिकार,

(२) ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार,

(३) आवासको अधिकार,

(४) सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार,

(५) शिक्षा तथा तालीम (प्रशिक्षण) को अधिकार,

(६) सांस्कृतिक कृयाकलापहरूमा समान सहभागिताको अधिकार,

(च) यातायात, होटल, रेष्टुरेण्ट, क्याफे, नाचघर तथा उद्यान जस्ता सर्वसाधारणको प्रयोगकोलागि रहेका कुनै पनि स्थान वा सेवामा पहुँचको अधिकार ।

## धारा ६

पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिलाई आफ्नो क्षेत्राधिकारभित्र सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य राष्ट्रिय संस्थाहरू मार्फत जातीय भेदभाव विरूद्धको कुनै पनि कार्यले यस महासन्धि विपरित निजको मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको हनन विरूद्ध प्रभावकारी सुरक्षा र उपचारको साथै त्यस्तो भेदभावको कारणले भएको कुनै पनि क्षतिकालागि त्यस्ता न्यायाधिकरणबाट उपयुक्त र उचित क्षतिपूर्ति वा सन्तुष्टि पाउने अधिकारको विश्वास दिलाउनेछन् ।

## धारा ७

जातीय भेदभाव तर्फ धकेल्ने दुराग्रहहरू विरूद्ध लडाई गर्ने र राष्ट्रहरू तथा जातीय वा सामाजिक समूहहरू बीच समझदारी, सहिष्णुता तथा मित्रता प्रवर्द्धन गर्ने एवं संयुक्त राष्ट्र संघको बडापत्रका उद्देश्य तथा सिद्धान्तहरू, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्वन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र तथा यस महासन्धिको प्रचार प्रसार गर्न पक्ष राष्ट्रहरूले खासगरी शिक्षण, शिक्षा, संस्कृति तथा सूचनाको क्षेत्रमा, तात्कालिक तथा प्रभावकारी उपायहरू अवलम्वन गर्ने प्रतिज्ञा गर्दछन् ।

# भाग २

## धारा ८

१. समानुपातिक भौगोलिक वितरण पद्दति अनुसार तथा विभिन्न सभ्यताहरूको एवं प्रमुख कानूनी प्रणालीहरूको प्रतिनिधित्व हुने गरी पक्ष राष्ट्रहरूले आफ्ना नागरिकहरू मध्येबाट निर्वाचित

गरेका उच्च नैतिक अडान तथा निष्पक्षता स्वीकार गरिएका अठार (१८) जना विशेषज्ञहरू रहेको जातीय भेदभाव उन्मूलन सम्बन्धी समिति (यसपछि "समिति" भनिएको) स्थापना गरिनेछ । तिनीहरूले व्यक्तिगत हैसियतमा सेवा गर्नेछन् ।

२. समितिका सदस्यहरू पक्ष राष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचिबाट गोप्य मतदानको प्रकृयाबाट निर्वाचित हुनेछन् । प्रत्येक पक्ष राष्ट्रले आफ्ना नागरिकहरूमध्येबाट एक जना व्यक्तिको मनोनयन गर्न सक्नेछ ।

३. प्रस्तुत महासन्धि लागू भएको मितिले ६ महिना पछि प्रारम्भिक निर्वाचन हुनेछ । प्रत्येक निर्वाचनको मिति भन्दा कम्तिमा तीन महिना अगावै संयुक्त राष्ट्र संघका महासचिवले पक्ष राष्ट्रहरूलाई आ-आफ्ना मनोनयनहरू दुई महिनाभित्र पेश गर्न आव्हान गर्दै पत्र पठाउने छन् । महासचिवले त्यसरी मनोनित सबै व्यक्तिहरूको वर्णानुक्रम अनुसारको र निजहरूलाई मनोनयन गर्ने पक्ष राष्ट्रहरूको नाम समेत जनिएको सूची तयार पारी सो सूची पक्ष राष्ट्रहरूलाई पठाउने छन् ।

४. संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा महासचिवले आयोजना गरेको पक्ष राष्ट्रहरूको बैठकमा समितिका सदस्यहरूको निर्वाचन हुनेछ । यस वैठकमा पक्ष राष्ट्रहरूमध्ये दुई तिहाईको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ । वैठकमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरूका प्रतिनिधिहरूको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत प्राप्त गर्ने मनोनित व्यक्तिहरू समितिको सदस्यमा निर्वाचित भएको मानिने छ ।

५. (क) समितिका सदस्यहरू चार बर्षको अवधिका लागि निर्वाचित हुनेछन् । तर पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरूमध्ये नौं जना सदस्यहरूको पदावधि दुई बर्षमा समाप्त हुनेछ । पहिलो निर्वाचन भएको लगत्तै पछि समितिका अध्यक्षले यी नौ जना सदस्यहरूको नाम गोला प्रथाद्वारा छनौट गर्नेछन् ।

(ख) आकस्मिक रिक्त पदको पूर्ति गर्नका लागि, जुन पक्ष राष्ट्रको विशेषज्ञले समितिको सदस्यताको रिक्तता सिर्जना गरेको हो सोही पक्ष राष्ट्रले समितिको स्वीकृतिको अधिनमा रही आफ्ना नागरिकहरू मध्येबाट अर्को विशेषज्ञको नियुक्ति गर्नेछ ।

६. समितिको कर्तव्य पालना गर्दाको अवस्थामा समितिका सदस्यहरूको खर्चको लागि पक्ष राष्ट्रहरू जिम्मेवार हुनेछन् ।

## धारा ९

१. पक्ष राष्ट्रहरूले आफूले ग्रहण गरेका तथा यस महासन्धिका व्यबस्थाहरू कार्यान्वयन गर्ने कानूनी, न्यायिक, प्रशासनिक वा अन्य उपायहरू सम्वन्धी प्रतिवेदन समितिबाट विचार हुनको लागि संयुक्त राष्ट्र संघका महासचिव समक्ष देहाय बमोजिम पेश गर्ने प्रतिज्ञा गर्दछन् ।

(क) सम्बन्धित राष्ट्रको हकमा महासन्धि लागू भएको एक वर्षभित्र, तथा

(ख) त्यसपछि, प्रत्येक दुई दुई वर्षमा तथा समितिले अनुरोध गरेको वखत समितिले पक्ष राष्ट्रहरूसँग थप जानकारी माग गर्न सक्नेछ ।

२. समितिले महासचिव मार्फत आफ्नो कृयाकलाप सम्वन्धी प्रतिवेदन संयुक्त राष्ट्र संघको महासभा समक्ष वार्षिक रूपमा पेश गर्ने र पक्ष राष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा जानकारी परीक्षणमा आधारित सुझावहरू दिन तथा साधारण सिफारिशहरू गर्न सक्नेछ । त्यस्ता सुझाव र साधारण सिफारिसहरू एवं पक्ष राष्ट्रहरूबाट कुनै प्रतिक्रिया प्राप्त भएको भए त्यस्तो प्रतिक्रिया समेत महासभामा पेश गरिनेछ ।

**धारा १०**

१. समितिले आफ्नो कार्यविधिका नियमहरू आफै निर्धारण गर्नेछ ।

२. समितिले आफ्ना अधिकारीहरू दुई वर्षको कार्यकालको लागि निर्वाचित गर्नेछ ।

३. समितिको सचिवालय संयुक्त राष्ट्र संघका महासचिवले उपलब्ध गराउनेछन् ।

४. समितिका बैठकहरू सामान्यतया संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा सम्पन्न गरिनेछन् ।

**धारा ११**

१. कुनै पक्ष राष्ट्रलाई अर्को पक्ष राष्ट्रले यस महासन्धिका व्यवस्थाहरूलाई कार्यान्वयन गरिरहेको छैन भन्ने लागेमा त्यस्तो पक्ष राष्ट्रले सो कुरा समितिको ध्यानमा ल्याउने सक्नेछ । त्यसपछि, समितिले सो कुराको संचार सम्बन्धित पक्ष राष्ट्रलाई पठाउनेछ । संचार प्राप्त गर्ने राष्ट्रले तीन महिनाभित्र विषयवस्तु तथा सो राष्ट्रले कुनै उपचार ग्रहण गरेको भए सो समेत स्पष्ट हुने गरी स्पष्टिकरण वा वयान लिखित रूपमा समिति समक्ष पेश गर्नेछ ।

२. द्विपक्षीय वार्ता वा दूबै पक्षहरूलाई खुला रहेका अन्य कुनै पनि कार्यविधिको माध्यमबाट सो कुरा दुवै पक्षको चित्त बुझ्ने गरी समाधान हुन नसकेमा प्रारम्भिक संचार प्राप्त गर्ने राष्ट्रले सो संचार प्राप्त गरेको मितिले ६ महिनाभित्र समिति तथा अन्य राष्ट्रलाई समेत सूचना दिएर समिति समक्ष सो कुरा पुनः पेश गर्ने अधिकार दूबै पक्षलाई हुनेछ ।

३. सो मुद्दामा अन्तर्राष्ट्रिय कानूनका सामान्यतः स्वीकृत सिद्धान्तहरू अनुरूप उपलब्ध सबै घरेलु उपचारहरूको माग गरिएको र त्यस्ता उपचारहरू समाप्त भईसकेको कुरा आफूले एकीन गरिसकेपछि समितिले आफू समक्ष यस धाराको प्रकरण २ अनुसार पेश गरिएको कुनै कुरा हेर्नेछ । उपचारहरू लागू गर्न अनुचित ढिलाई हुने अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

४. आफू समक्ष पेश गरिएका कुनै पनि कुरामा समितिले सम्वन्धित पक्ष राष्ट्रहरूलाई अन्य कुनै सम्वन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

५. यस धाराबाट उत्पन्न कुनै पनि कुरा समितिमा विचाराधिन रहेको अवस्थामा सम्बन्धित पक्ष राष्ट्रहरूले सो कुरामा समितिले विचार गर्दाका वखत समितिको कारवाहीमा मतदान गर्ने अधिकार विना भाग लिन प्रतिनिधि पठाउन पाउने छन् ।

## धारा १३

१ (क) समितिले आफूले आवश्यक ठानेको सम्पूर्ण जानकारी प्राप्त गरी सुक्ष्म परीक्षण गरिसकेपछि अध्यक्षले समितिको सदस्य रहेका वा नरहेका पाँच जना व्यक्तिहरूको एक अस्थायी मेलमिलाप आयोग (यसपछि "आयोग" भनिएको) गठन गर्नेछन् । आयोगका सदस्यहरू विवादका पक्षहरूको सर्वसम्मत सहमतिबाट नियुक्त गरिनेछन् र आयोगको सद्भावपूर्ण सेवा (गुड अफिसेस) यो महासन्धि प्रतिको आदरको आधारमा सो कुराको शान्तिपूर्ण समाधानको उद्देश्यले सम्बन्धित राष्ट्रहरूलाई उपलब्ध गराईनेछ ।

(ख) विवादका पक्ष राष्ट्रहरू आयोगको गठनका सम्वन्धमा पूर्ण वा आंशिक रूपमा तीन महिनाभित्र सहमत हुन नसकेमा समितिको दुई तिहाई बहुमतले समितिका सदस्यहरू मध्येवाटै विवादका पक्ष राष्ट्रहरूले स्वीकार नगरेका आयोगका सदस्यहरूको गोप्य मतदानद्वारा निर्वाचन गर्नेछ ।

२. आयोगका सदस्यहरूले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन् । विवादका पक्ष राष्ट्रका वा यस महासन्धिको पक्ष नभएको कुनै राष्ट्रका नागरिकहरू आयोगका सदस्य हुने छैनन् ।

३. आयोगले आफ्नो अध्यक्ष आफै निर्वाचित गर्ने र आफ्नो कार्यविधिका नियमहरू आफै निर्धारण गर्नेछ ।

४. आयोगका बैठकहरू सामान्यतया संयुक्त राष्ट्र संघको प्रधान कार्यालय वा आयोगबाट निर्धारण गरिएको अन्य कुनै सुविधायुक्त स्थानमा गरिने छन् ।

५. पक्ष राष्ट्रहरू बीच कुनै विवाद उत्पन्न भई आयोग क्रियाशील भएको वखतमा यस महासन्धिको धारा १० को प्रकरण ३ बमोजिम व्यवस्था गरिएको सचिवालयले आयोगलाई पनि सेवा पुर्‍याउनेछ ।

६. विवाद्का पक्ष राष्ट्रहरूले संयुक्त राष्ट्र संघका महासचिवबाट उपलब्ध गराईएको अनुमान अनुसार आयोगका सदस्यहरूको सम्पूर्ण खर्च समान रूपमा व्यहोर्नेछन् ।

७. आयोगका सदस्यहरूको खर्च यस धाराको प्रकरण ६ वमोजिम विवादका पक्ष राष्ट्रहरूबाट सोधभर्ना हुनु अघि आवश्यक भएमा भुक्तानी गरिदिने अधिकार महासचिवलाई दिईनेछ ।

८. समितिद्वारा प्राप्त गरी विस्तारपूर्वक संपरीक्षण गरिएका जानकारी आयोगलाई उपलब्ध गराइने र आयोगले सम्वन्धित राष्ट्रहरूलाई अन्य कुनै सम्वद्द जानकारी उपलब्ध गराउन अनुरोध गर्नसक्नेछ ।

## धारा १३

१. आयोगले पूर्ण रूपमा विषयवस्तु उपर विचार गरिसकेपछि आयोगले पक्षहरू बीचको विवादसँग सम्बन्धित सम्पूर्ण तथ्यगत प्रश्नहरूमा आफ्नो ठहर समावेश भएको र विवादको शान्तिपूर्ण समाधानको लागि आफूले उपयुक्त ठानेका सिफरिसहरू समेत संलग्न प्रतिवेदन तयार गरी समितिको अध्यक्ष समक्ष पेश गर्नेछ ।

२. समितिको अध्यक्षले आयोगको प्रतिवेदन विवादका प्रत्येक पक्ष राष्ट्रलाई संप्रेषण गर्नेछ । यी राष्ट्रहरूले आयोगको प्रतिवेदनमा निहित सिफारिशहरू आफूले स्वीकार गर्ने वा नगर्ने कुराको जानकारी तीन महिनाभित्र समितिको अध्यक्षलाई दिनेछन् ।

३. यस धाराको प्रकरण २ बमोजिमको समयावधि भुक्तान भएपछि समितिको अध्यक्षले आयोगको प्रतिवदेन तथा सम्वन्धित पक्ष राष्ट्रका घोषणाहरू महासन्धिका अन्य पक्ष राष्ट्रहरूलाई संप्रेषण गर्नेछन् ।

## धारा १४

१. कुनै पक्ष राष्ट्रले आफ्नो क्षेत्राधिकारभित्रका व्यक्तिहरू वा व्यक्तिहरूको समूहबाट यस महासन्धिमा उल्लिखित कुनै पनि अधिकार सो पक्ष राष्ट्रबाट उल्लंघन भई पीडित भएको दावी गरिएका सूचना प्राप्त गरी सो उपर विचार गर्नसक्ने समितिको सक्षमता आफूले स्वीकार गरेको घोषणा कुनै पनि समयमा गर्न सक्नेछ । समितिले यस्तो घोषणा नगरेको कुनै पक्ष राष्ट्रसँग सम्बन्धित कुनै पनि सूचना ग्रहण गर्ने छैन ।

२. यस धाराको प्रकरण १ बमोजिमको घोषणा गर्ने पक्ष राष्ट्रले आफ्नो राष्ट्रिय कानूनी संरचनाभित्र कुनै निकाय स्थापना गर्न वा तोक्ने सक्ने र त्यस्तो निकाय आफ्नो क्षेत्राधिकारभित्र यस महासन्धिमा उल्लिखित अधिकारहरू मध्ये कुनै पनि अधिकारको उल्लंघनबाट पीडित भएको दावी गर्ने र अन्य उपलब्ध स्थानीय उपचारहरू समाप्त गरिसकेका व्यक्तिहरू तथा व्यक्तिहरूको समूहबाट निवेदनहरू प्राप्त गरी विचार गर्न सक्षम हुनेछ ।

३. यस धाराको प्रकरण १ अनुसार गरिएको घोषणा तथा यसै धाराको प्रकरण २ अनुसार स्थापना गरिएको वा तोकिएको निकायको नाम सम्बन्धित पक्ष राष्ट्रबाट संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिने र निजले सोका प्रतिहरू अन्य राष्ट्रहरूलाई संप्रेषण गर्नेछन् । महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ । तर त्यस्तो फिर्ता लिने कार्यले समिति समक्ष विचाराधिन कुनै पनि संचारहरूलाई प्रभाव पार्ने छैन ।

४. यस धाराको प्रकरण २ बमोजिम स्थापित वा तोकिएको निकायले निवेदनहरूको दर्ता किताव खडा गरीराख्नेछ र दर्ता कितावका प्रमाणित प्रतिहरू उपयुक्त माध्यमहरूबाट सो कितावमा रहेका कुराहरू सार्वजनिक रूपमा प्रकाश नगरिने समझदारीमा महासचिव समक्ष वार्षिक रूपमा दर्ता गरिनेछ ।

५. यस धाराको प्रकरण २ बमोजिम स्थापित वा तोकिएको निकायबाट सन्तुष्टि प्राप्त गर्न नसकेको अवस्थामा निवेदकलाई ६ महिनाभित्र समिति समक्ष सो कुरा संप्रेषण गर्न पाउने अधिकार हुनेछ ।

६. (क) समितिले आफू समक्ष पेश गरिएका संप्रेषणप्रति यस महासन्धिका कुनै व्यवस्थाहरू उल्लंघन गरेको आरोप लागेको पक्ष राष्ट्रको ध्यान गोप्य रूपमा आकर्षित गर्नेछ । तर सम्वन्धित व्यक्ति वा व्यक्तिहरूको समूहको व्यक्त सहमति विना निजहरूको परिचय प्रकट गरिने छैन । समितिले बेनामी संचारहरू प्राप्त गर्ने छैन ।

(ख) संचार प्राप्त गर्ने राष्ट्रले विषयवस्तु तथा सो राष्ट्रबाट कुनै उपचार लिईएको भए सो समेत स्पष्ट पार्ने लिखित व्याख्या वा बयानहरू तीन महिनाभित्र समिति समक्ष पेश गर्नेछ ।

७. (क) सम्बन्धित पक्ष राष्ट्र तथा निवेदकबाट समितिलाई उपलब्ध गराईएका सबै जानकारीको आधारमा समितिले सूचनाहरू उपर विचार गर्नेछ । निवेदकले उपलब्ध सबै घरेलु उपचार समाप्त गरिसकेको कुरा एकिन नगरेसम्म समितिले त्यस्तो निवेदकबाट प्राप्त गरेको कुनै पनि सूचना उपर विचार गर्ने छैन । तथापि उपचारहरू लागू गर्न अनुचित ढिलाई हुने अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(ख) समितिले आफ्ना सुझाव तथा कुनै सिफारिशहरू भए सो समेत सम्बन्धित पक्ष राष्ट्र तथा निवेदकलाई पठाउनेछ ।

८. समितिले आफ्नो वार्षिक प्रतिवेदनमा त्यस्ता सूचनाको सारांश तथा उपयुक्त भएको अवस्थामा सम्वन्धित पक्ष राष्ट्रहरूको व्यवस्था तथा विवरणहरूको र आफ्नो सुझाव तथा सिफारिशहरूको सारांश संलग्न गर्नेछ

९. यस महासन्धिका कम्तीमा दश पक्ष राष्ट्रहरूले यस धाराको प्रकरण १ बमोजिमका घोषणा गरेपछि मात्र समिति यस धारामा उल्लिखित कार्यहरू गर्न सक्षम हुनेछ ।

## धारा १५

१. महासभाको १४ डिसेम्वर १९६० को प्रस्ताव १५१४ (१५) मा रहेका औपनिवेशिक देशहरू तथा जनताहरूलाई स्वाधिनता प्रदान गर्ने सम्वन्धी घोषणापत्रका उद्देश्यहरू हासिल नभएसम्म, यस महासन्धिका व्यवस्थाहरूले अन्य अन्तर्राष्ट्रिय लिखतहरूबाट वा संयुक्त राष्ट्र संघ तथा यसका विशिष्टिकृत निकायहरूबाट यी जनताहरूलाई प्रदान गरिएको निवेदन गर्ने अधिकारलाई कुनै पनि रूपमा सीमित गर्ने छैनन् ।

२. (क) यस महासन्धिको धारा ८ को प्रकरण १ अन्तर्गत स्थापित समितिले यस महासन्धिमा समेटिएका विषयहरूसंग सम्वद्ध कुरामा न्यास एवं गैर स्वशासित ईलाकाहरू तथा

महासभाको प्रस्ताव १५१४ (१५) लागू हुने अन्य सबै ईलाकाहरूका वासिन्दाहरूबाट प्राप्त निवेदनहरू उपर विचार गर्दा यस महासन्धिका सिद्धान्त र उद्देश्यहरू प्रत्यक्ष रूपमा अवलम्वन गर्ने संयुक्त राष्ट्र संघका निकायहरूबाट निवेदनका प्रतिहरू प्राप्त गर्ने र त्यस्ता निवेदनमा आफ्नो विचार र सिफारिशहरू त्यस्ता निकायहरू समक्ष पेश गर्नेछ ।

(ख) समितिले संयुक्त राष्ट्र संघका समक्ष निकायहरूबाट यस प्रकरणको उप-प्रकरण (क) मा उल्लिखित इलाकाहरूमा प्रशासन गर्ने अधिकारीहरूबाट लागू गरिएका यस महासन्धिका सिद्धान्त तथा उद्देश्यहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित व्यवस्थापकीय, न्यायिक, प्रशासनिक वा अन्य उपायहरू सम्बन्धी प्रतिवेदनका प्रतिहरू प्राप्त गर्ने र ती निकायहरूलाई राय तथा सिफारिश प्रदान गर्नेछ ।

३. समितिले महासभा समक्ष पेश गर्ने आफ्नो प्रतिवेदनमा संयुक्त राष्ट्र संघका निकायहरूबाट आफूले प्राप्त गरेका निवेदन तथा प्रतिवेदनहरूको सारांश र ती निवेदन तथा प्रतिवेदनहरूसँग सम्बन्धित समितिको राय तथा सिफारिशहरू समेत समावेश गर्नेछ ।

४. यस महासन्धिका उद्देश्यहरूसँग सम्बन्धित तथा यस धाराको प्रकरण २ (क) मा उल्लिखित इलाकाहरू सम्वन्धी संयुक्त राष्ट्र संघका महासचिवसँग उपलब्ध सबै जानकारी उपलब्ध गराउन समितिले निजलाई अनुरोध गर्नेछ ।

### धारा १६

विवाद वा उजुरीहरूको समाधान सम्बन्धी यस महासन्धिका व्यवस्थाहरू संयुक्त राष्ट्र संघ तथा यसका विशिष्टिकृत निकायका वैधानिक लिखतहरू वा तिनीहरू ग्रहण गरिएका महासन्धिहरूमा भेदभावसँग सम्बन्धित विवाद वा उजुरीहरूको समाधान गर्ने सम्वन्धमा व्यवस्था गरिएका अन्य कार्यविधिहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी लागू गरिने र यी व्यवस्थाहरूले पक्ष राष्ट्रहरूलाई आफूहरूबीच लागू रहेका सामान्य वा विशेष अन्तर्राष्ट्रिय सम्झौताहरू अनुसार विवादको समाधान गर्ने विषयमा अन्य कार्यविधिहरू अवलम्वन गर्न रोक लगाउने छैनन् ।

## भाग ३

### धारा १७

१. यो महासन्धि संयुक्त राष्ट्र संघको कुनै सदस्य राष्ट्रबाट वा यसको कुनै विशिष्टिकृत निकायको सदस्यबाट, अन्तर्राष्ट्रिय न्यायालयको विधानको कुनै पक्ष राष्ट्रबाट तथा संयुक्त राष्ट्र संघको महासभाबाट यस महासन्धिको पक्ष हुन आमन्त्रण गरिएको अन्य कुनै पनि राष्ट्रबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ ।

२. यो महासन्धिलाई अनुमोदन गर्नुपर्ने र अनुमोदनका लिखतहरू संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गर्नुपर्नेछ ।

### धारा १८

१. यो महासन्धि धारा १७ को प्रकरण १ बमोजिमको कुनै पनि राष्ट्रबाट सम्मिलन हुनका लागि खुला रहनेछ ।

२. सम्मिलनको लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ ।

### धारा १९

१. संयुक्त राष्ट्र संघको महासचिव समक्ष अनुमोदन वा सम्मिलनको सत्ताइसौं लिखत दाखिला भएको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुनेछ ।

२. अनुमोदन वा सम्मिलनको सत्ताइसौं लिखत दाखिला भएपछि यो महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुनेछ ।

### धारा २०

१. संयुक्त राष्ट्र संघका महासचिवले यो महासन्धि अनुमोदन वा सम्मिलन गर्दाको वखत राष्ट्रहरूबाट राखिएका आरक्षणहरू प्राप्त गरी यो महासन्धिका पक्ष भएका वा पक्ष हुन सक्ने सबै राष्ट्रहरूलाई वितरण गर्नेछन् । आरक्षणमा विरोध गर्ने कुनै पनि राष्ट्रले सो सूचनाको मितिले नब्बे दिनको अवधिभित्र आफूले सो आरक्षण स्वीकार नगर्ने कुराको जानकारी महासचिवलाई दिनेछ ।

२. यस महासन्धिको उद्देश्य तथा प्रयोजन विपरित हुने आरक्षण स्वीकार गरिने छैन । यस महासन्धिबाट स्थापित निकायहरूमध्ये कुनै पनि निकायको संचालन अवरूद्ध गर्नसक्ने किसिमको आरक्षणलाई पनि अनुमति दिईने छैन । यस महासन्धिका पक्ष राष्ट्रहरूमध्ये कम्तीमा दुई तिहाई पक्ष राष्ट्रहरूले कुनै आरक्षणको विरोध गरेमा त्यस्तो आरक्षणलाई असंगतपूर्ण वा अवरूद्धकारी मानिनेछ ।

३. महासचिवलाई सम्वोधन गरी सो सम्बन्धी सूचना दिएर कुनै पनि समयमा आरक्षण फिर्ता लिन सकिनेछ । त्यस्तो सूचना प्राप्त भएको मितिदेखि लागू हुनेछ ।

### धारा २१

कुनै पनि पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धि परित्याग गर्न सक्नेछ । महासचिवले त्यस्तो सूचना प्राप्त गरेको मितिले एक वर्षपछि परित्याग लागू हुनेछ ।

### धारा २२

यस महासन्धिको ब्याख्या वा कार्यान्वयनका सम्वन्धमा दुई वा सो भन्दा बढी पक्ष राष्ट्रहरूबीचको कुनै विवाद वार्ता वा यस महासन्धिमा स्पष्ट रूपमा व्यवस्था गरिएको कार्यविधिबाट समाधान हुन नसकेमा, झगडियाहरू समाधानको अर्को तरीकामा सहमत नभएमा विवादका पक्षहरू मध्ये कुनै एक पक्षको अनुरोधमा त्यस्तो विवाद निर्णयको लागि अन्तर्राष्ट्रिय न्यायालयमा पेश गरिनेछ ।

### धारा २३

१. यस महासन्धिको पुनरावलोकनको लागि पक्ष राष्ट्रले, कुनै पनि समयमा संयुक्त राष्ट्र संघका महासचिवलाई सम्वोधन गरिएको लिखित सूचनाको माध्यमबाट अनुरोध गर्न सक्नेछ ।

२. संयुक्त राष्ट्र संघको महासभाले त्यस्तो अनुरोधका सम्वन्धमा कुनै कदम चाल्नु पर्ने भए सो सम्वन्धमा निर्णय लिनेछ ।

### धारा २४

संयुक्त राष्ट्र संघका महासचिवले यस महासन्धिको धारा १७ को प्रकरण १ बमोजिमका सबै राष्ट्रहरूलाई देहायका कुराहरूको जानकारी दिनेछन्ः

(क) धारा १७ तथा १८ अन्तर्गतका हस्ताक्षर, अनुमोदन तथा सम्मिलनहरू,

(ख) धारा १९ बमोजिम यो महासन्धि लागू हुने मिति,

(ग) धारा १४, २० र २३ अन्तर्गत प्राप्त गरिएका सूचना तथा घोषणापत्रहरू,

(घ) धारा २१ बमोजिमका परित्यागहरू ।

### धारा २५

१. अरवी, चिनिया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समान रूपले प्रामाणिक हुने यो महासन्धि संयुक्त राष्ट्र संघको अभिलेखालयमा दाखिला गरिनेछ ।

२. संयुक्त राष्ट्र संघका महासचिवले महासन्धिको धारा १७ को प्रकरण १ बमोजिमका वर्गहरू मध्ये कुनै पनि वर्गका सबै राष्ट्रहरूलाई यो महासन्धिका प्रमाणित प्रतिहरू संप्रेषण गर्नेछन् ।